मिति : २०८०/०५/२७, कापा बैठक संख्या:६-०८०/८१

प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावहरु

१. उपाध्यक्ष कप महिला भलिबल प्रतियोगिता सञ्चालन सम्वन्धमा,
२. दर रेट स्वीकृती सम्वन्धमा,
३. कञ्चन सिंचाई आयोजना सम्बन्धमा ।

निर्णयहरु

१. उपाध्यक्ष कप महिला भलिबल प्रतियोगिता सञ्चालन सम्बन्धमा,

कञ्चन गाउँपालिकाको आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत बजेट खर्च शीर्षक २२५२९ गाउँपालिका स्तरीय उपाध्यक्ष कप महिला भलिबल प्रतियोगिता कार्यक्रमका लागि रू.३,००,०००/- बजेट विनियोजन भएको तथा उक्त कार्यक्रम लागत साझेदारीमा सञ्चालनका लागि लायन्स क्लव अफ कञ्चन लेडीले रू.५,१५,०००/- को प्रस्ताव पेश गरेकोमा कञ्चन गाउँपालिकाभरका महिला टिमहरूको सहभागिता हुने गरी लागत साझेदारीमा गाउँपालिकाले रू.३,००,०००/- बेहोर्ने गरी उक्त प्रतियोगिता सञ्चालन गर्न कञ्चन लेडी लायन्सलाई स्वीकृती दिने ।

२. पशु सेवा शाखाको दर रेट स्वीकृती सम्वन्धमा

जिल्ला प्रशासन कार्यालयद्वारा स्वीकृत जिल्ला दररेटमा यस गाउँपालिकामा खरिद हुने कतिपय वस्तुहरूको दररेट समावेश नभएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम प्रत्येक स्थानीय तहले आफ्नो दररेट स्वीकृत गरी लागू गर्न सक्ने व्यवस्था भए बमोजिम पशु क्षेत्रसँग सम्बन्धित वस्तुहरूको दररेट कायम गर्ने प्रयोजनार्थ सार्वजनिक सूचना आव्हान गरी दररेट माग भएकोमा प्राप्त दररेटलाई औसत गरी निकालिएको दररेटलाई यस गाउँपालिकाको दररेट हुने गरी स्वीकृत गर्ने ।

३. कञ्चन सिंचाई आयोजना सम्बन्धमा,

यस गाउँपालिकाका अधिकांश भू-भाग खेतीयोग्य रहेको तर यहाँका अधिकांश क्षेत्रमा जुनसुकै प्रकारको खेतीका लागि आकाशे वर्षाको भर पर्नुपर्ने अवस्था रहेको हुँदा कृषि उत्पादनमा आत्मनिर्भर गराउनका लागि कञ्चन नदीको पानीलाई सदुपयोग गरी सिंचाई गर्न कञ्चन सिंचाई आयोजना सञ्चालनका लागि उपयुक्त विधि छनौट गर्न विज्ञ परामर्शदाता मार्फत सम्भाव्यता अध्ययन गराई Detailed Project Report (DPR) तयार गराउने । आयोजना निर्माणका लागि आवश्यक बजेट संघीय तथा प्रदेश सरकारसँग माग गर्ने साथै उक्त आयोजना कार्यान्वयनका लागि गाउँपालिकाको तर्फबाट समेत क्रमशः बजेट विनियोजन गर्दै लैजाने ।

अध्यक्ष